# प्रेस विज्ञप्ती

आज मिति २०७५ भदौ १७ गते माननिय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणी पोखरेलको अध्यक्षतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बसेको सचिव तथा सहसचिवहरु सम्मिलित नियमित बैठकले तपशिलमा उल्लेखित निर्णयहरु गरेकोले सम्बन्धित निकायहरुलाइ जानकारी तथा कार्यान्वयनका लागि यो प्रेश विज्ञप्ति जारी गरिएको छ ।

यही मिति २०७५ भदौ २३ (सेप्टेम्वर ८, २०१८) मा "समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवं दिगो शैक्षिक पूर्वाधार" भन्ने आदर्श वाक्यका साथ मनाउन गइरहेको ३९ औं राष्ट्रिय शिक्षा दिवस तथा ५२ औ अन्तर्राष्ट्रिय साक्षरता दिवसका उपलक्ष्यमा सबै शैक्षिक संस्थाहरूले निम्नानुसारका कार्यक्रम गरी मनाउनुहुन अनुरोध गर्दछौं।

- सबै शैक्षिक संस्थाले राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसका उपलक्ष्यमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने । शैक्षिक संस्थामा वृक्षारोपण गर्ने स्थान अभाव भएमा गमलामा भए पनि उपयुक्त बिरुवा रोपी वृक्षारोपण गर्ने ।
- विद्यार्थीको सहभागितामा शैक्षिक संस्थाको वातावरण हरियाली बनाउन, शैक्षिक संस्थामा बगैचा निर्माण गर्ने, वातावरण प्रदुषण रोक्न सरसफाई गर्ने र वातावरण संरक्षण गर्नका लागि हरियाली क्लब (इको क्लब) गठन गरी कार्यान्वयन गर्ने ।
- शैक्षिक संस्थाको अगुवाइमा शिक्षा तथा साक्षरतासम्बन्धी प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्ने ।

साथै यही असोज ३ गते संविधान दिवसका उपलक्ष्यमा सबै शैक्षिक संस्थाहरूले निम्नानुसार कार्यक्रम गरी मनाउनुहुन समेत सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

- सबै शैक्षिक संस्थाले संविधान दिवसका उपलक्ष्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने । जस्तै: नेपालको संविधानका सम्बन्धमा निबन्ध प्रतियोगिता, कविता प्रतियोगिता, वक्तृत्व कला प्रतियोगिता, प्रवचन जस्ता कार्यक्रम सञ्चालन गर्ने ।
- संविधान दिवसको दिन शैक्षिक संस्थाको परिसरमा नै कार्यक्रम आयोजना गरी मनाउने ।
- प्रत्येक शैक्षिक संस्थाले असोज २, ३ र ४ गते साँझ दीपावली गर्ने ।
- संविधान दिवसका उपलक्ष्यमा आयोजना गरिने अन्य कार्यक्रममहरूमा सहभागिता जनाउने ।

सङ्घीय शिक्षा विधेयकका सम्बन्धमा विभिन्न सङ्घसङ्गठनहरु लगायत सरोकारवालाहरुले विधेयक निर्माणको चरणमा आफ्नो सहभागिता नरहेको तथा सुझावहरु ग्रहण नगरीएको भनि विभिन्न सञ्चार माध्यमहरुमा व्यक्त भएको विचारहरुप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ। संघीय शिक्षा विधेयक निर्माणका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भइ विधेयक मस्यौदा निर्माणको

क्रममा रहेको छ । विधेयक तर्जुमाको चरणमा सरोकारवालाहरुसङ्ग छलफल तथा परिमार्जन गर्ने उद्देश्यले मन्त्रालयमा एक समिति गठन भई कार्य प्रारम्भ गरिसकेको छ। विधेयकका विषयहरुका सम्बन्धमा सरोकारवाला संस्था तथा व्यक्तिसँग सार्थक छलफल गरी सुभावहरु लिने गरी नेपाल शिक्षक महासंघ, शिक्षकका पेसागत संगठनहरु, प्याब्सन, एन प्याब्सन, अभिभावक, विद्यार्थीलगायत अन्य सरोकारवालासँग भावी दिनमा छलफलका लागि कार्यक्रम राखिने समेत जानाकारी गर्दछौं ।तसर्थ विधेयक मस्यौदाको चरणमा नै रहेकाले विधेयकमा यो परेको, यो नपरेको भन्ने जस्ता चर्चा परिचर्चा गर्नु सार्थक बहस नभएको र यसबाट कोहीपनि तरङ्गित नहुन समेत सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मिति २०७५ भदौ १७

बैकुण्ठप्रसाद अर्याल

प्रवक्ता एवम् सहसचिव

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय